**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ चैत १**

---

## संविधानसभाको निर्वाचनका लागि सुरक्षित वातावरण सुनिश्चित गर्न राजनीतिक पात्रहरूलाई उच्चायुक्तको कार्यालय–नेपालद्वारा आह्वान

उच्चायुक्तको कार्यालय–नेपाल संविधानसभाको निर्वाचन प्रक्रियामा सहभागी बनिरहेका अरू सबैका राजनीतिक अधिकारको सम्मान गर्न सबै राजनीतिक पात्रहरूलाई आग्रह गर्दछ। जनताका आकाङ्क्षा अभिव्यक्त हुने स्वतन्त्र तथा स्वच्छ निर्वाचनका लागि अनुकूल वातावरण सिर्जना गर्नमा रामेछाप जिल्लामा यसै साता राजनीतिक कार्यकर्तामाथि भएका आक्रमण जसमा कम्तीमा चारजना गम्भीररूपमा घाइते भए, अर्घाखाँची जिल्लामा भएको एउटा हत्या र चितवन तथा धनकुटामा भएको भनिएका कार्यकर्ताहरूको अपहरण गम्भीर अड्चन हुन्।

त्यस्तो वातावरण सुरक्षासम्बन्धी उपायहरूबाट मात्र सिर्जना गर्न सकिंदैन र यसका लागि निर्वाचन अभियानको क्रममा सबै राजनीतिक पात्रहरूको सहयोग आवश्यक पर्नेछ। यो कार्यालय सबै प्रकारका हिंसा र डरत्रासलाई हटाउन र सबै राजनीतिक तथा नागरिक अधिकारको सम्मान गर्नका निम्ति अब प्रतिज्ञा गर्न राजनीतिक पात्रहरूलाई आह्वान गर्दछ। विशेषगरी देहायका लागिः

- बाँच्नपाउने अधिकार
- सहभागिताको अधिकार
- मतको, अभिव्यक्तिको तथा सूचनामा पहुँचको स्वतन्त्रता
- शान्तिपूर्ण सभाको अधिकार तथा सङ्गठन खोल्ने स्वतन्त्रता
- आवतजावत गर्न पाउने स्वतन्त्रता
- डरत्रासबाट मुक्त हुने स्वतन्त्रता
- भेदभावबाट मुक्त हुने स्वतन्त्रता

उच्चायुक्तको कार्यालयको एउटा टोली अहिले रामेछापमा बुधबार भएको घटनाको अनुसन्धान गरिरहेको छ भने कार्यालयका देशभर रहेका अन्य टोलीहरूले विशिष्ट मानवअधिकार उल्लङ्घनका रिपोर्टहरूको अनुसन्धान गर्ने कार्यलाई जारी राखेका छन् तथा माथि उल्लिखित अधिकारहरूको पालना भए नभएको अनुगमन गरिरहेका छन् र निर्वाचन अवधिभर सो कार्यलाई जारी राख्नेछन्।

> "नेकपा (माओवादी)को नेतृत्वसँग मेरो सम्पर्क भएको छ र तिनले मलाई रामेछापमा भएको घटनाको आफूहरूले अनुसन्धान गरिरहेको कुराको आश्वासन दिएका छन्। अन्य घटना, जस्तो कि फागुन १३ गते अर्घाखाँची जिल्लामा भएको, बारे छानबिन भइरहेको छ। डरत्रास वा हिंसाबाट मुक्त निर्बाधरूपमा सहभागिताको अधिकारको सम्मान संविधानसभाको निर्वाचनको सफलताको लागि तथा शान्ति प्रक्रियाको दीर्घकालीन सफलताका लागि अत्यावश्यक हुनेछ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org